
# सुदूरपश्चिम प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८०




सुदूरपश्चिम प्रदेश सरकार

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## शुभ-कामना

विपद जोखिमलाई प्रभावकारी रुपमा न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ को प्रावधान अनुसार प्रदेशको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सबै कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक रहेको छ । वर्षायाममा हुन सक्ने बाढी, कटान, पहिरो, सडक अवरोध, दुर्घटनाका साथै अन्य स्वास्थ्य सम्बन्धी प्रकोपलाई दृष्टिगत गरी प्रकोप अगाडी अपनाइने सावधानीका उपायहरू, विपद्को समयमा गरिने खोज तथा उद्दार कार्य, प्रभावितहरूलाई राहत वितरण तथा विपद् पश्चात गर्न सकिने मानवीय सहयोग एवं पुनर्निर्माण र पुनर्स्थापनाको क्षेत्रमा कार्य गर्न सकिने आधारभूत विषयहरूलाई समेटेर "सुदूरपश्चिम प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८०" तयार गरिएको छ ।

यस कार्ययोजनामा बाढी, पहिरो जस्ता वर्षायाममा आउने जोखिमहरू आंकलन गरी आपतकालीन जोखिम न्यूनीकरण र पूर्वतयारी कसरी गर्ने, आपतकालीन अवस्थामा कुन-कुन निकाय कसरी परिचालन हुने, घटना हुने वित्तिकै प्रतिकार्य कसरी अगाडी बढाउने जस्ता विषयमा विभिन्न निकायलाई जिम्मेवारी तोकिएको छ । सरोकारवाला निकायहरूसँगको छलफल, प्राविधिक विश्लेषण र विगतको अनुभवको आधारमा जोखिमको आंकलन गरेर त्यसको पूर्वतयारी र प्रतिकार्यको स्पष्ट कार्य विभाजन यो कार्ययोजनामा समेटिएको छ। वर्षायामलाई केन्द्रित गरी प्रदेशका विषयगत मन्त्रालयहरूले बनाएको योजनालाई समेत आधार मानी यो कार्ययोजना तयार गरिएको छ।

कार्ययोजना तयार गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६, राष्ट्रिय विपद कार्यढाँचा, २०७०, विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६, तथा प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ ले निर्दिष्ट गरेको विषयहरूलाई आधार मानिएको छ। यो कार्ययोजना तयार गर्न योगदान गर्नुहुने प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्पूर्ण मन्त्रालय, प्रदेशस्तरीय सुरक्षा निकाय, संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न पदाधिकारीहरू, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरू, रेडक्रस सोसाइटी, अन्तर्राष्ट्रिय विकास साझेदार निकायहरू, निजी क्षेत्र, गैरसरकारी संस्था, सञ्चार माध्यम लगायत सबै पक्षलाई धन्यवाद दिन चाहन्छु। कार्ययोजना निर्माणमा प्राविधिक सहयोग गर्ने निकाय संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम सुदुरपश्चिम प्रदेश कार्यालय, (सुपर परियोजना), मर्सी कोर, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कैलालीको सम्पूर्ण टिमलाई धन्यवाद् दिन चाहन्छु।

यस कार्ययोजना तर्जुमा कार्यमा हौसला प्रदान गर्नु भई सक्रिय नेतृत्व लिनुहुने आन्तरिक मामिला तथा कानुन मन्त्रालयका तत्कालीन मन्त्री स्व. पृथ्वी बहादुर सिंहप्रति विशेष आभार र धन्यवाद प्रकट गर्न चाहन्छु। सुदूरपश्चिम प्रदेश सरकारका श्रीमान् प्रमुख सचिव नारायण प्रसाद शर्मा दुवाडी लगायत प्रदेश सरकारका सचिवज्यूहरू तथा सबै सुरक्षा निकायका प्रमुखज्यूहरूले दिनु भएको अमूल्य सुझावका लागि आभार प्रकट गर्दछु। त्यसैगरी विभिन्न समय र स्थानमा आयोजित बैठक, गोष्ठी, अन्तरक्रिया तथा छलफल कार्यक्रममा सहभागी तथा श्रोत व्यक्तिका रुपमा उपस्थिति जनाई महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण विज्ञ महानुभावहरू, बिभिन्न मन्त्रालयका विपद् सर्म्पर्क व्यक्तिहरू, कार्ययोजना तयारीको समग्र प्रक्रियामा अहोरात्र खटिनु हुने मन्त्रालयका कानुन अधिकृतद्वय श्री लक्ष्मी प्रसाद जोशी र विष्णु दत्त अवस्थी, शाखा अधिकृत दिपेन्द्र सिंह बिष्ट, कम्प्यूटर अधिकृत जनक बहादुर धामी, प्रदेश आपतकालीन कार्यसंचालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत, गौरीलाल बुढाथोकी तथा सुरक्षाकर्मीहरू र सम्पूर्ण सहयोगी कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

श्री विश्वदीप बेस्रा
निमित प्रदेश सचिव
आन्तरिक मामिला तथा कानुन मन्त्रालय

**शब्द संक्षेप (Abbreviation)**

| | |
|---|---|
| गा.पा. | गाउँपालिका |
| न.पा | नगरपालिका |
| जि.स.स | जिल्ला समन्वय समिति |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| ASRH | Adolescent sexual Reproductive Health |
| CERT | Community Rapid response team |
| DDMC | District Disaster management community |
| LDMC | Local Disaster management community |
| LEOC | Local Emergency operating center |
| DEOC | District Emergency operating center |
| PEOC | Province Emergency operating center |
| NEOC | National Emergency operating center |
| PHEOC | Province Health Emergency operating center |
| DPHO | District Public Health Office |
| DWASHCC | District water, Sanitation and hygienic coordination committee |
| FCHV | Female Community Health Volunteer |
| SGBV | Sexual Gender Based Valance HW Health Worker |
| IRA | Initial Rapid Assessment |
| MIRA | Multi Cluster Initial Rapid Assessment |
| NFRI | Noon Food Relief Items |
| NRCS | Nepal Red cross Society |
| VCA | Vulnerability Capacity Assessment |
| PWD | People with Disability |
| SOP | Standard Operating Procedures |
| WASH | Water supply, Sanitation and Hygiene Coordination Committee |
| WSSDO | Water Supply, Sanitation and Hygienic Coordination Committee. |
| EWS | Early Warning System |
| GR | Gauge Reader |
| CCMC | Camp Coordination and Camp Management |
| OCMC | One Site Management Committee |
| NDRRMA | National Disaster Risk Reduction Management Authority |
| BSFP | Blanket Supplementary Feeding Program |
| TSFP | Targeted Supplementary Feeding Program |
| IMO | Information Management Officer |
| OCMC | One-Stop Crisis Management Committee |
| LLIN | Long Lasting Insectisidal Net |
| RUTF | Ready to use Therapeutic Food |
| RTEF | Ready to Eat Food |

बिषयसुची

परिच्छेद-१

मनसुनजन्य प्रकोपको प्रभाव तथा जोखिम आंकलन


१. पृष्ठभूमि........................................................................................................................१

२. मनसुन पूर्वानुमान तथा विपद् जोखिमको अवस्था ........................................................................१

३. उद्‌देश्य ........................................................................................................................ ३

४. कार्ययोजना निर्माण प्रक्रिया............................................................................................. ५

५. मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको प्रमुख आधार ................................................. ५

परिच्छेद-२ ...................................................................................................................... ७

मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना ............................................................................ ७

१. मुख्य सरोकारवाला.......................................................................................................... ७

२. विपद् प्रतिकार्य ढाँचा........................................................................................................ ८

३. मनसुन पूर्वतयारी कार्ययोजना ........................................................................................... ९

४. मनसुन प्रतिकार्य कार्ययोजना ........................................................................................... १६

(क) खोज तथा उद्धार, आपतकालिन सञ्चार, बन्दोबस्ती र विषयगत क्षेत्र समन्वय........................... १६

(ख) विषयगत क्षेत्रः स्वास्थ्य तथा पोषण, शिक्षा, संरक्षण तथा सामाजिक सुरक्षा .............................. १८

(ग) खानेपानी सरसफाई, शिविर समन्वय र शिविर व्यवस्थापन, आपतकालिन आश्रयस्थल.................... २२

(घ) खाध सुरक्षा र पोषण.................................................................................................... २५

(च) अनुगमन तथा निर्देशन ................................................................................................. २८

(छ) प्रतिकार्य कमान्ड पोष्ट...................................................................................................२८

**परिच्छेद-१**

## मनसुनजन्य प्रकोपको प्रभाव तथा जोखिम आंकलन

### १. पृष्ठभुमि

सुदूरपश्चिम प्रदेश तराईका कञ्चनपुर र कैलाली, हिमालका बाजुरा, बझाङ र दार्चुला तथा पहाडका बैतडी, डडेलधुरा, डोटी र अछाम गरी जम्मा ९ वटा जिल्लाहरू मिलेर बनेको छ। यस प्रदेशमा उपमहानगरपालिका १, नगरपालिका ३३ र गाउँपालिका ५४ गरी जम्मा ८८ वटा स्थानीय तहहरू रहेका छन् । क्षेत्रफलका हिसावले १९,५३९ वर्ग कि.मि. रहेको यो प्रदेश नेपालको कुल क्षेत्रफलको १३.२७ प्रतिशत रहको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस प्रदेशको कुल जनसंख्या २६,९४,७८३ र जनघनत्व १३८ प्रति वर्ग कि.मि. रहेको छ ।

यो प्रदेश विपद्को हिसावले उच्च जोखिममा रहेको छ । मनसुनको समयमा प्रत्येक वर्ष वाढी, पहिरो लगायत अन्य पानीजन्य विपद्का कारण ठूलो जनधनको क्षति हुने गरेको छ । कमजोर भौगर्भिक बनावट भएका पहाडका फेदीहरू र तराई चुरे क्षेत्रबाट बगेर आएको बालुवा तथा ग्रावेल थुप्रिनाले र नदी कटानले बस्ती र कृषि योग्य जमिन नष्ट भइरहेको छ । कर्णाली र महाकाली नदी एवं यसका सहायक नदीहरू तथा महाभारत र चुरे क्षेत्रबाट उत्पत्ति भएका नदी नालाहरूले ल्याउने बाढी तथा डुबानबाट विशेष गरी कैलाली र कञ्चनपुर जिल्ला प्रभावित हुने गरेका छन। जमिन कटान र भुक्षय, भुस्खलनबाट पहाडी जिल्लाहरू प्रभावित हुने गरेका छन् । वि.सं.२०७७ सालदेखि सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना बनाई कार्यान्वयन गर्दै आएको छ ।


वर्षायाममा हुन सक्ने बाढी, कटान, पहिरो, सडक अवरोध तथा दुर्घटना, झाडापखाला जस्ता प्रकोपहरूलाई दृष्टिगत गरी प्रकोप पूर्व अपनाइने सावधानीका उपायहरू, विपद्को समयमा गरिने खोज तथा उद्धार कार्य, राहत कार्य तथा प्रभावितहरूलाई राहत बितरणका साथै विपद् पश्चात गर्न सकिने मानवीय सहयोग एवं पुनःनिर्माण र पुर्नस्थापनाको क्षेत्रमा गर्न सकिने आधारभूत विषयलाई समावेश गरी "सुदूरपश्चिम प्रदेश मनसुन पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना, २०८०" तयार गरिएको छ । यस कार्ययोजनाले बाढी, पहिरो र अन्य पानीजन्य प्रकोपहरूको सम्भावित क्षति आंकलन गर्न आपतकालीन अवस्थामा कुन-कुन निकाय कसरी परिचालित हुने, जोखिम न्यूनीकरण र पूर्वतयारी कसरी गर्ने, घटना हुने बित्तिकै कसरी प्रतिकार्य गर्ने जस्ता विषयमा विभिन्न जिम्मेवारीहरू तोकेको छ । सरोकारवाला निकायहरूसँगको छलफल, प्राविधिक विश्लेषण र विगतको अनुभवको आधारमा जोखिमको आंकलन गरेर त्यसको पूर्वतयारी र प्रतिकार्यको स्पष्ट कार्य विभाजन यो कार्य योजनामा समेटिएको छ । वर्षायामलाई लक्षित गरी प्रदेशका विषयगत मन्त्रालयहरू स्वयमले बनाएको योजनालाई समेत आधार मानी यो कार्ययोजना तयार गरिएको छ ।

यो कार्ययोजना तयार गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७०, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७७, प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ ले निर्दिष्ट गरेका विषयहरूलाई आधार मानिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको डी.आर.आर.पोर्टलमा रहेको वि.सं.२०६८ देखि हाल सम्मको तथ्याङ्क विश्लेषण गर्दा यस प्रदेशमा मुख्य प्रकोपहरूको घटना र यस्ता घटनाहरूको पुनरावृत्तिका आधारमा बाढी, पहिरो, भारी वर्षा, डुबान तथा महामारी जस्ता प्रकोपहरू रहेका छन् ।

### २. मनसुन पूर्वानुमान तथा विपद् जोखिमको अवस्था

जल तथा मौसम विज्ञान विभागले यस वर्ष गरेको मनसुनको पूर्वानुमान अनुसार सुदूरपश्चिम प्रदेशमा यस वर्ष सरदर भन्दा कम वर्षा हुने सम्भावना छ । सुदूरपश्चिम प्रदेशका मध्य तथा उत्तरका थोरै भू-भागमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ४५% देखि ५५% रहेको छ भने कंचनपुर, कैलाली, बैतडी तथा बझाङ्ग लगायतका भू-भागमा सरदरभन्दा कम

वर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको छ । यो विश्लेषणका आधारमा यस वर्षको मनसुनमा औसतभन्दा कम वर्षाको आंकलन गरिएको भएपनि कुनै समयमा भने उच्च वर्षा हुने सम्भावना भएकोले बाढी तथा पहिरोको जोखिम यथावत नै रहेको छ । वि.सं.२०८० सालको मनसुनमा पहिरोको अनुमानित जोखिम र प्रभावको जानकारीको लागि पहिरो संवेदनशीलतालाई आधार मान्न सकिन्छ। यस वर्षको मनसुनमा वर्षाको पूर्वानुमान तलको चित्रमा प्रस्तुत गरिएको छ ।




चित्र १: वि.सं.२०८० को मनसुनको अवधिमाको वर्षा (सरदर भन्दा कम र सरदर भन्दा बढी) को र्सवाधिक सम्भावना Highest Probability)
स्रोत : जल तथा मौसम विज्ञान विभाग

राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले र्सार्वजनिक गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८० अनुसार जिल्लागत र प्रदेशगत रुपमा गरिएका अध्ययन अनुसार यस वर्ष लगभग १५ लाख जनसंख्या र २ लाख ८६ हजार घरधुरी मनसुनबाट प्रभावित हुनसक्ने अनुमान गरिएको छ । यस वर्षको मनसुनबाट प्रभावित हुन सक्ने अनुमानित १५ लाख जनसंख्या मध्ये सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १,४७,०६० व्यक्ति र ३३,६५२ घरधुरी प्रभावित हुने अनुमान गरिएको छ


नेपाल सरकारको डी.आर.आर.पोर्टलमा विगत १० वर्षको तथ्याङ्क विश्लेषण गर्दा भूकम्प पछिको क्रमशः बाढी, पहिरो, डुबान, चट्याङ्ग, असिना, हिमपहिरो, अतिवृष्टि, अनावृष्टि, हुरीबतास, शीतलहर लगायतका विपद्हरूको चपेटामा प्रदेश परेको देखिन्छ । वि.सं. २०६९ देखि वि.सं. २०७९ साल सम्मको तथ्यांकलाई विश्लेषण गर्दा यस प्रदेशका कैलाली र कञ्चनपुर जिल्ला बाढीको उच्च जोखिममा रहेका छन् भने बाजुरा, बझाङ्ग, डोटी, बैतडी र अछाम पहिरोको उच्च जोखिममा रहेका छन् । साथै कैलाली जिल्लाको पहाडी भू-भागहरू समेत पहिरोको उच्च जोखिममा रहेका छन् ।

जिल्लागत आधारमा गरिएको अनुमान तलको तालिकामा प्रस्तुत गरिएको छः


| सुदूरपश्चिम प्रदेशमा मनसुन विपद्जन्यबाट प्रभावित हुनसक्ने जनसंख्या | | |
|---|---|---|
| **जिल्ला** | **प्रमुख मनसुनजन्य विपद्** | **प्रभावित हुनसक्ने जनसंख्या** |
| अछाम | पहिरो | ३,६६२ |
| बैतडी | पहिरो | ७,६८५ |
| बझाङ्ग | पहिरो | ४,०३१ |
| बाजुरा | पहिरो | ८,६३१ |
| डडेलधुरा | पहिरो | ७,१०५ |
| दार्चुला | पहिरो | ३,३५३ |
| डोटी | पहिरो | ११,०१८ |
| कैलाली | बाढी तथा डुबान | ४६,७७३ |
| कञ्चनपुर | बाढी तथा डुबान | ५४,८०२ |
| जम्मा जनसंख्या | | १४७,०६० |
| जम्मा घरधुरी | | ३३,६५२ |

(क) बाढी तथा डुबानः

यस प्रदेशमा बाढी र डुबान ठूलो विपद्को रुपमा रहेको छ । महाकाली, सेती, कर्णाली एवम् तिनका सहायक नदीहरूले ल्याउने बाढी तथा डुबानका घटना वर्षेनी दोहोरिने गरेको पाइन्छ । तराईका जिल्लामा बाढीको असर बढी हुने गरेको छ भने पहाडमा पनि नदी किनारका होचा भू-भागहरूमा भएका वस्तीमा बाढीको जोखिम रहेका छन । विगत १० वर्षसम्मको तथ्याङ्क अनुसार सुदूरपश्चिम प्रदेशमा कुल १६९ डुबान वा बाढीका घटनाहरू भएका थिए । जसबाट ८० जना मानिसको मृत्यु भएको थियो भने ३५ जना घाइते र ६२ जना बेपत्ता भएका थिए । पानीको उच्च बहावका कारण गाउँ बस्तिमा बाढी (Flood), डुबान (Inundation), कटान (Banks Cutting), पटान (Sand Deposition) को जोखिम उच्च रहेको छ कैलाली र कञ्चनपुर जिल्लामा बाढी तथा डुबानका घटनाहरू अत्याधिक रहेको तथा बझाङ, डोटी बाजुरा जिल्लामा पनि बाढीका घटना हुने गरेको पाइन्छ । विगतका वर्षहरूका तथ्याङ्कहरू हेर्दा सामान्यतया मनसुनको समय (असार र श्रावण महिना) मा अत्याधिक बाढीका घटनाहरू भएका देखिन्छन् । तर वि.सं. २०७८ सालमा मनसुन अवधिपछि (कात्तिक पहिलो साता) आएको वर्षाले ठूलो





**चित्र २: २०६९ देखि २०७९ सम्म बाढी तथा डुवानबाट भएको क्षति**




**चित्र ३ : बाढी तथा डुवान हुने सम्भावित क्षेत्रहरू**


धनजनको क्षति गरेको थियो । विगत १२ वर्ष बाढीका कारण भएका भौतिक क्षतिको तथ्यांक अनुसार वि.सं. २०६८, २०७०, २०७३, २०७७ र २०७८ सालमा बाढीका घटनाहरू धेरै भएको पाइन्छ (श्रोतः डी.आर.आर.पोर्टल) । वि.सं. २०७८ मा आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदूरपश्चिम प्रदेशले गरेको अध्ययन अनुसार बाढी तथा डुवानबाट तराई तथा पहाडका जिल्लाहरू पनि संबेदनशील रहेको पाइएको छ । बाढीको संबेदनशीलता नक्सांकन माथिको चित्रमा देखाइएको छ ।

**(ख) पहिरो**





**चित्र ४: २०६९ देखि २०७९ सम्म पहिरोबाट भएको क्षति**

पहिरोको घटना र यसको पुनरावृत्ति सम्बन्धी तथ्याङ्कलाई विश्लेषण गर्दा यस प्रदेशका ७ वटै पहाडी जिल्लाहरू र कैलाली जिल्लाका केही पहाडी भू-भाग पहिरोको उच्च जोखिमा रहेका छन । डी.आर.आर.पोर्टलको २०६९ देखि २०७९ सम्मको तथ्याङ्कलाई विश्लेषण गर्दा यस अवधिमा प्रदेशभरी २७१ वटा पहिरोका घटना घटेका कारण १६२ जना मानिसको मृत्यु भएको, ११८ जना घाइते भएको तथा २७ जना बेपत्ता भएका थिए । दुरहम विश्वविद्यालयको वैज्ञानिक विश्लेषणका आधारमा यस प्रदेशको बाजुरा, बझाङ्ग, अछाम जिल्लाका भू-भागहरू पहिरोको उच्च जोखिम क्षेत्र भनी पहिचान गरिएको छ । यस प्रदेशको पहिरोको जोखिम नक्सांकन तलको चित्र ५ मा प्रष्टाइएको छ । हाल सम्ममा सबैभन्दा बढी पहिरोका घटना र मानवीय क्षति दार्चुला, बझाङ्ग, डोटी, बैतडी र अछाम जिल्लामा भएको देखिन्छ । पछिल्ला वर्षको घटनाक्रमहरू विश्लेषण गर्दा पहिरोको कारण २०७०, २०७५, २०७६, २०७७ र २०७८ सालमा बढी क्षति भएका देखिन्छ ।




**चित्र ५ : पहिरोको जोखिममा रहेका सम्भावित क्षेत्र**




**चित्र ६ प्रकोप जोखिम नक्सा**

## ३. उद्देश्य

मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको मुख्य उद्देश्य यस प्रदेशमा मनसुन अवधिभर हुन सक्ने सम्भावित प्रकोपहरूको आंकलन गरी आवश्यक तयारी गर्ने तथा प्रतिकार्यका लागि न्यूनतम आधारहरू तयार गर्नु रहेको छ । साथै अन्य उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

- विपद् जोखिमको तथ्याङ्कको आधारमा यस वर्षको सम्भावित जोखिम आंकलन गर्ने ।
- विपद्बाट प्रभावित हुन सक्ने जनसंख्याको पूर्वानुमान गर्ने र सोका लागि तयारी गर्ने ।
- सम्बन्धित विषयगत क्षेत्रको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना अद्यावधिक गरी एकिकृत गर्ने ।
- विपद् जोखिम न्यूनिकरण र प्रतिकार्यका सम्पूर्ण क्रियाकलापहरूलाई प्रभावकारी बनाउने ।
- विपद्को क्षति कम गर्न स्थानीय तहको विपद् व्यवस्थापन कार्यलाई सहयोग गर्ने ।

**४.कार्ययोजना निर्माण प्रक्रिया**

यो कार्ययोजना तयार गर्दा वि.सं. २०७९ सालको कार्ययोजनालाई अद्यावधिक गरी अन्तिम रुप दिइएको छ । कार्ययोजना अद्यावधिक तथा निर्माण गर्दा विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यढाँचाको प्रक्रिया अनुसार निम्न बमोजिमको कार्य गरिएको थियो ।

- विषयगत मन्त्रालयहरू तथा सहयोगी निकायहरूको प्रारम्भिक बैठक ।
- संघीय तथा प्रादेशिक नीतिगत प्रावधानहरूको अध्ययन विश्लेषण ।
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रकाशित दस्तावेज तथा डी.आर.आर. पोर्टलका सूचनाहरूको विश्लेषण ।
- विषयगत बैठक तथा छलफल ।
- विषयगत क्षेत्रहरूको क्षेत्रगत मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजनाको माग ।
- क्षेत्रगत मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजनाको अध्ययन तथा प्रारम्भिक प्रतिवेदन तयारी ।
- विपद् व्यवस्थापनमा कार्यरत संघ-संस्था तथा विषयगत निकायहरू बिच छलफल तथा पृष्ठपोषण ।
- सुदूरपश्चिम प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८० को अन्तिम मस्यौदा तयार ।

**५.मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको प्रमुख आधार**

सुदूरपश्चिम प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८० तयार गर्दा गृह मन्त्रालयको डी.आर.आर.पोर्टलमा राखिएको यस वर्षको मनसुनमा विपदबाट प्रभावित हुनसक्ने जनसंख्यालाई प्रमुख आधारको रुपमा लिइएको छ । जस अनुसार यस प्रदेश भित्रका विभिन्न जिल्लाहरूमा विपदबाट प्रभावित हुनसक्ने अनुमानित जनसंख्या १,४७,०६० र घरधुरी ३३,६५२ रहेका छन् । यस वर्षको मनसुनलाई सामना गर्न व्यवस्थित पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना कार्यान्वयन गर्न आवश्यक रहेको छ । कार्ययोजनाले पूर्वतयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने छ । सो कार्यका लागि प्रादेशिक विपद व्यवस्थापन योजना, २०७७ मा उल्लेख भए अनुसारको विषयगत क्षेत्र अवधारणा (Clusters Approach) कार्यान्वयन गर्न प्रदेशका मन्त्रालयहरूको नेतृत्व, संयुक्त राष्ट्रसंघीय एकाईहरू, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैरसरकारी संस्थाहरूको सह-नेतृत्व र सहयोग रहने गरी सबै क्षेत्रका सम्बन्धित सरोकारवालाहरूको सहभागितामा कार्यान्वयन गरिनेछ । विषयगत सदस्यहरूमा सम्बन्धित विषयगत क्षेत्रमा कार्य गर्ने सम्पूर्ण सरकारी, गैरसरकारी तथा निजी क्षेत्र रहेका छन्। यस प्रदेशमा मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि तपसिल बमोजिमको विषयगत क्षेत्रले कार्य गरिरहेका छन् ।

| विषयगत क्षेत्रहरू (Clusters) | नेतृत्वदायी सरकारी निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|

| विषयगत क्षेत्रहरू (Clusters) | नेतृत्वदायी सरकारी निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|
| स्वास्थ्य (Health) , शिक्षा (Education) संरक्षण तथा सामाजिक सुरक्षा (Protection and Social Security) | सामाजिक विकास मन्त्रालय | WHO/UNICEF/ UNFPA/World Vision | |
| खानेपानी, सरसफाई तथा स्वच्छता (Wash), शिविर समन्वय तथा शिविर व्यवस्थापन (Camp Coordination and Camp Management), आपतकालीन आश्रयस्थल (Emergency Shelter) | भौतिक पूर्वाधार विकास मन्त्रालय | UNICEF/ IOM/ NRCS | |
| खाद्य सुरक्षा (Food Security), पोषण (Nutrition) | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | WFP/FAO/ UNICEF/FMTC | उपचारात्मक पोषणलाई स्वास्थ्यसँग राखिएको छ । |
| खोज तथा उद्धार (Search and Rescue), आपतकालीन संचार (Emergency Communication), बन्दोबस्ती (Logistics), विषयगत क्षेत्र समन्वय (Cluster Coordination) | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | WFP/UNDP /FMTC/NRCS/ Mercy Corps | |
| शीघ्र पुर्नलाभ (Early Recovery), पूर्वसूचना प्रणाली (Early Warning System) | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय | UNDP/ NRCS | |

सबै विषयगत क्षेत्रहरुलाई कार्य जिम्मेवारीका आधारमा पाँच मन्त्रालयहरुले कार्य सम्पादन गर्ने गरी कार्य जिम्मेवारी तोकिएको छ । सरोकारवालाहरूको सुझाव अनुसार यस कार्ययोजनामा पोषण क्षेत्रको कार्यक्रमहरू सामाजिक विकास मन्त्रालय अर्न्तगतको स्वास्थ्य निर्देशनालयले नेतृत्व गर्ने गरी राखिएको छ । .

## परिच्छेद-२
## मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना


### १. मुख्य सरोकारवाला

सुदूरपश्चिम प्रदेशको विपद् व्यवस्थापनमा देहायका सरोकारवालाहरूको प्रमुख भूमिका रहेको छ । सरोकारवालाहरले विपद् पूर्वतयारी तथा प्रतिकार्यमा निभाउने भूमिकाको सम्बन्धमा कार्ययोजनामा विस्तृत रुपमा प्रस्तुत गरिएको भए तापनि प्रमुख भूमिका संक्षेपमा देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | सरोकारवाला निकाय | प्रमुख भूमिका |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विपद् व्यवस्थापनका लागि श्रोत परिचालत, अनुगमन तथा मुल्यांकन, व्यवस्थापन |
| २ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विषयगत नेतृत्वः खोज तथा उद्धार (Search and Rescue), आपतकालीन संचार (Emergency Communication), बन्दोबस्ती (Logistics), विषयगत क्षेत्र समन्वय (Cluster Coordination) |
| ३ | भौतिक पूर्वाधार विकास मन्त्रालय तथा मातहतका कार्यालयहरू | विषयगत नेतृत्वः खानेपानी, सरसफाई तथा स्वच्छता (Wash), शिविर समन्वय तथा शिविर व्यवस्थापन (Camp Coordination and Camp Management), आपतकालीन आश्रयस्थल (Emergency Shelter) |
| ४ | सामाजिक विकास मन्त्रालय तथा मातहतका कार्यालयहरू | विषयगत नेतृत्वः स्वास्थ्य (Health) , शिक्षा (Education) संरक्षण तथा सामाजिक सुरक्षा (Protection and Social Security) |
| ५ | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका कार्यालयहरू | विषयगत नेतृत्वः खाद्य सुरक्षा (Food Security), पोषण (Nutrition) पशु स्वास्थ्य (Animal Health) |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतका कार्यालयहरू | विषयगत नेतृत्वः शीघ्र पुर्नलाभ (Early Recovery) |
| ७ | प्रदेश आपतकालीन कार्यसंचालन केन्द्र | विपद्को सूचना संप्रेषण तथा समन्वय |
| ८ | प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसचालन केन्द्र | स्वास्थ्य क्षेत्रको समन्वय तथा व्यवस्थापन |
| ९ | नेपाली सेना | खोज तथा उद्धार |
| १० | सशस्त्र प्रहरी बल नेपाल | खोज तथा उद्धार |
| ११ | नेपाल प्रहरी | समन्वय, जनसम्पर्क विपद् सम्बन्धी दस्तावेजीकरण, खोज तथा उद्धार |
| १२ | प्रादेशिक अस्पताल | स्वास्थ्य उपचार |
| १३ | नेपाल रेडक्रस सोसाईटी | सूचना संप्रेषण र सूचना संकलन, स्वयमसेवक परिचालन, बन्दोबस्ति |
| १४ | संयुक्त राष्ट्रसंघीय कार्यालय | साधन श्रोत तथा प्राविधिक सहयोग |
| १५ | अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू | साधन श्रोत तथा प्राविधिक सहयोग |
| १६ | गैरसरकारी संस्थाहरू | सूचना संकलन, सम्प्रेषण तथा स्वयंसेवक परिचालन |
| १७ | निजी क्षेत्र (उद्योग वाणिज्य संघ, यातायात व्यवसायी संघ, वन उपभोक्ता संघ आदि( | आवश्यक सामग्री तथा श्रोत उपलब्धता, सवारी साधनहरूको परिचालन |
| १८ | जल तथा मौसम विज्ञान फिल्ड कार्यालय | मौसमको पूर्वानुमान तथा विपदबारे जानकारी |

| | | |
|---|---|---|
| १९ | विषयगत कार्यालयहरू | सेवा प्रवाह तथा आपत्कालीन तयारी |

२. विपद् प्रतिकार्य ढाँचा



३. मनसुन पूर्वतयारी कार्ययोजना

| विषयगत क्षेत्र | कृयाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| सबै विषयगत क्षेत्रहरूको नेतृत्व तथा सहयोग गर्ने विशेष भुमिका | - सबै जिल्ला, स्थानीय तह, प्रदेशका निकाय तथा कार्यालय र सरोकारवालाहरूलाई मनसुन अगावै मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न निर्देशन दिने तथा आवश्यक श्रोत जुटाउन सहयोग गर्ने ।<br>-बाढी, डुबान, पहिरो लगायत वहुप्रकोपको आवश्यक पूर्वतयारी गर्न निर्देशन गर्ने ।<br>-जिल्ला र स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि आवश्यक श्रोत साधन तथा बजेटको व्यवस्था गर्ने, प्रदेशको विपद् व्यवस्थापन कोषमा रहेको बजेटका सम्बन्धमा बुझने, पर्याप्त बजेट व्यवस्था गर्ने र प्रभावित क्षेत्रमा आवश्यकताको आधारमा कोष परिचालन गर्न निर्देशन गर्ने ।<br>-पूर्वानुमानका आधारमा कुनै क्षेत्र वा स्थान एवम भवन खाली गर्न निर्देशन जारी गर्ने ।<br>-मनसुन पूर्वतयारी, प्रतिकार्य तथा विपद् व्यवस्थापनका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।<br>- संघीय सरकार तथा अन्य प्रदेशसँग समन्वय गर्ने र क्षमता तथा सीपको आदानप्रदान गर्ने । | प्रदेश विपद् व्यवस्थापन परिषद् | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | |
| खोज तथा उद्धार | - विपद्को प्रकृति अनुसार सुरक्षा निकायका तीनै अंगहरू सम्मिलित संयुक्त खोज तथा उद्धार टोली निर्माण गरी परिचालन योजना तयार गरी कृत्रिम घटना अभ्यास गर्ने ।<br>- विपद्का क्षेत्रमा काम गर्ने विभिन्न निकायसँग भएको खोज तथा उद्धार सँग सम्बन्धित श्रोत साधनको विवरण अद्यावधिक गर्ने ।<br>- खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत तथा व्यवस्थापन गर्ने ।<br>- जिल्ला तथा स्थानीय तहसँग रहेका खोज तथा उद्धारका सामग्रीहरू र प्रयोग गर्न सकिने सवारी साधनहरूको अवस्था अद्यावधिक गर्ने, गराउने ।<br>- जोखिम नक्सांकन गर्ने र सम्भावित उद्धार गर्नु पर्ने स्थलको यकिन गर्ने ।<br>- खोज उद्धारका लागि आवश्यक पर्ने हेभी इक्युपमेन्ट तथा औजारहरूको व्यवस्थापन गर्ने, गराउने ।<br>- ठूला उपकरणहरूको लागि निजी क्षेत्रसँग करार अनुबन्ध गर्ने, गराउने तथा उपकरणहरू आवश्यक स्थानमा तयारी अवस्थामा राख्न लगाउने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सबै सुरक्षा निकायहरु | नेपाल रेडक्रस सोसाइटी तथा विकास साझेदार संस्थाहरु र निजि क्षेत्र, स्थानीय तह | |

| विषयगत क्षेत्र | कृयाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | - खोज तथा उद्धारलाई प्रभावकारी बनाउन बहुसरोकारवालाको सहभागितामा प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने, गराउने।<br>- आवश्यक जनशक्ति र उपकरणहरू प्रभावित हुनसक्ने क्षेत्रका सुरक्षा इकाईहरूमा व्यवस्थापन गर्ने, गराउने ।<br>-प्रकोपको अवस्था अनुसार थप श्रोत साधन परिचालन गर्न संघीय सरकारसँगको समन्वयका लागी आवश्यक पहल गर्ने, गराउने ।<br>-प्रकोपको अवस्थामा तत्काल परिचालित हुनसक्ने दक्ष जनशक्ति तथा स्वयंसेवक स्थानीय स्तरमै तालिमको व्यवस्थापन गरी परिचालित गर्ने र सो जनशक्तिको सूची तयार गर्ने, गराउने । | | | |
| आपतकालिन संचार, बन्दोबस्ती र विषयगत क्षेत्र समन्वय | - आपतकालीन संचार सञ्जाललाई भरपर्दो बनाउन पहल गर्ने।<br>- राष्ट्रिय, जिल्ला र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रसँग निरन्तर सञ्चार सम्पर्क गरी विपद्को सूचना संकलन गर्ने, गराउने ।<br>-जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान र सूचनाको आधारमा प्रादेशिक आपतकालीन कार्य संचालन केन्द्रसँगको समन्वयमा आवश्यक तयारी गर्ने, गराउने ।<br>- सबै विषयगत नेतृत्वदायी सरकारी निकाय तथा सदस्यहरूलाई आपतकालीन अवस्थामा निभाउनु पर्ने जिम्मेवारीको जानकारी गराउने।<br>- विषय क्षेत्रगत सवालहरूको समाधानका लागि सम्बन्धित नेतृत्व गर्ने निकायसँग समन्वय गर्ने ।<br>-आपतकालीन अवस्थामा सूचनाको प्रचार-प्रसारका लागि सञ्चार माध्यमहरूसँग समन्वय गर्ने र सबै जनसमुदायमा सूचनाको पहुँच सुनिश्चित गर्ने ।<br>- आपतकालीन अवस्थामा प्रयोग गर्ने स्थलमार्ग, आश्रयस्थल तथा भौतिक पूर्वाधार र सेवाहरू निर्माण, विस्तार गर्न समन्वय गर्ने ।<br>-सम्भावित प्रकोपहरूबाट समुदायमा पर्न सक्ने असर र सोबाट बच्ने उपायहरूका बारेमा समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।<br>-प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गरी बिरामी र घाइतेहरूको प्राथमिकताका आधारमा छिटो छरितो उद्धार तथा उपचारका लागि समन्वय संयन्त्रको | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र प्रदेश आपतकालीन कार्य संचालन केन्द्र | जिल्ला तथा पालिका स्थित विपद् व्यवस्थापन समितिहरू, सबै सुरक्षा निकायहरू, नेपाल टेलिकम कार्यालय, टिभी, एफ एम/रेडियो तथा अन्य संचार माध्यमहरू | |

| विषयगत क्षेत्र | कृयाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | विकास गर्ने ।<br>-विपद्को समयमा प्रतिकार्यमा सहयोग उपलब्ध गराउन एकीकृत प्रतिकार्य प्रणालीको विकास गर्ने ।<br>-मौसम पूर्वानुमानको अद्यावधिक जानकारी लिने र सरोकारवालाहरूलाई सम्प्रेषण गर्ने । | | | |
| शिक्षा विषयगत क्षेत्र | - जिल्ला स्थित सामाजिक विकास कार्यालय मार्फत स्थानीय तहहरूलाई बाढी, पहिरो तथा मनसुनजन्य प्रकोपले प्रभावित गर्न सक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्न तथा सम्भावित क्षतिको आंकलन गरी विद्यालयहरूको वर्गीकरण गर्न लगाउने<br>- संङ्कटासन्न रहेका विद्यालयको विवरण तयार गरी सुधारका योजना निर्माण गर्ने, गराउने ।<br>-विपद् व्यवस्थापनमा शिक्षक तथा विद्यार्थीहरूको क्षमता विकासका लागि क्षेत्रगत सह-नेतृत्वदायी एवम् सहयोगी संस्था तथा अन्य सदस्यहरूसँग सहकार्य गरी कार्यक्रमहरू विकास गर्ने र विद्यालयमा जनचेतनामूलक कार्यक्रम तथा पूर्वअभ्यासहरू निरन्तर सञ्चालन गर्ने, गराउने ।<br>-आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू तयारी अवस्थामा राख्न लगाउने तथा आपत्कालीन योजना निर्माण गर्न लगाउने ।<br>-सबै तहका लागि आपत्कालीन शिक्षा तालिमका लागि पाठयक्रम र तालिम पुस्तिका तयार गर्ने।<br>-तालिम प्राप्त जनशक्तिको सूची अद्यावधिक गर्ने गराउने ।<br>-बिद्यार्थी, शिक्षक तथा कर्मचारीहरूलाई विपद् सम्बन्धी अनुशिक्षण, प्रशिक्षण सञ्चालन गर्ने ।<br>-सूचना व्यवस्थापन अधिकृतलाई तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन सम्बन्धी तालिम दिने ।<br>-भौतिक संरचना क्षतिको मूल्याङ्कन गर्न इन्जिनियरलाई तालिम दिने र मूल्याङ्कन फारामहरू, अनलाइन एप तयार गरि राख्ने ।<br>-सरकारी, गैसस, निजी क्षेत्रमा आपत्कालीन शिक्षाका लागि बजेट विनियोजन गर्न पैरवी गर्ने ।<br>-पूर्वानुमानका आधारमा शैक्षिक सामाग्रीहरूको सुरक्षित व्यवस्थापन गर्ने । | समाजिक विकास मन्त्रालय, | UNICEF, साझेदार संस्थाहरू र निजी क्षेत्र | |
| स्वास्थ्य तथा पोषण | - विषयगत क्षेत्र पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | WHO, UNICEF, UNFPA साझेदार | नोटः पोषण विषयगत क्षेत्र स्वास्थ्य निर्देशनालयको |

| विषयगत क्षेत्र | कृयाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | | | संस्थाहरू र निजी क्षेत्र | जिम्मेवारीको विषय भएकाले स्वास्थ्य सँगै राखिएको छ । |
| | - स्वास्थ्य तथा पोषण क्षेत्रको द्रुत प्रतिकार्य टोली परिचालनका लागि सक्रिय गर्ने तथा आकस्मिक मेडिकल परिचालन टिम सक्रिय गरी तयारी अवस्थामा राख्ने ।<br>-स्थानीय तह र जिल्लाहरूमा स्वास्थ्य तथा पोषण द्रुत प्रतिकार्य टोली परिचालन गर्न तयारी अवस्थामा राख्ने । | | | |
| | - बाढी पश्चात हुन सक्ने पानीजन्य, किटजन्य, सरसफाईजन्य रोगहरू तथा र्सपदंशजस्ता समस्याहरू आंकलन गरी हरेक स्वास्थ्य संस्थामा आवश्यक औषधीको भण्डारण गर्ने ।<br>- अस्थायी शिविरमा रहँदा आवश्यक पर्ने पानी शुद्धिकरणको लागि क्लोरिन, किटजन्य रोगको रोकथामको लागि झुलको व्यवस्थापन गरी बाढीको जोखिममा रहेका स्थानीय तहमा भण्डारणको व्यवस्था गर्ने ।<br>- उच्च जोखिमयुक्त स्थानको पहिचान गरी बालबालिका, सुत्केरी र गर्भवति महिलाको बिवरण अद्यावधिक गर्ने तथा उक्त वर्गको लागि पूरक खानेकुराको प्रवन्ध गर्ने ।<br>- RUTF बालभिटा, भिटामिन ए, आइरन, खोपको आपुर्ति सुनिश्चित गर्ने ।<br>- कोलेरा किट, LLIN र पानी शुद्धीकरण ट्याब्लेटहरू, र खोप र खोप सम्बन्धि वस्तुहरू र बाढी प्रतिक्रियाको लागि आवश्यक औषधि र चिकित्सकहरूको व्यवस्था गर्ने । | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र | | |
| | - आपतकालीन स्वास्थ्य तथा पोषण सम्बन्धी तालिम प्राप्त स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाको तथ्याङ्क अद्यावधिक गरी क्षमता विकास गराउने ।<br>- अत्यावश्यक स्वास्थ्य तथा पोषण सामाग्रीहरूको उचित प्रवन्ध मिलाउने ।<br>- पोषणगृह तथा वहिरङ्ग उपचारात्मक केन्द्रको व्यवस्थापन तथा सेवा सुनिश्चित गर्ने । - गर्भवती, सुत्केरी महिला, जेष्ठ नागरिक, बालबालिकाहरूको पौष्टिक तत्वहरूको भण्डारण भए, नभएको खाद्य सुरक्षा क्लष्टरसँग समन्वय गरी सुनिश्चित गर्ने।<br>- मनसुनलाई ध्यानमा राखी स्वास्थ्य सुरक्षा, पोषण, व्यक्तिगत सरसफाई सम्बन्धी सन्देशहरु आमसंचार माध्यमबाट प्रशारण | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | WHO, UNICEF, UNFPA तथा अन्य सहयोगी निकायहरु | |

| विषयगत क्षेत्र | कृयाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | गरी सचेतना फैलाउने ।<br>- कर्मचारीलाई विपद् सम्बन्धी विशिष्टीकृत कार्यसञ्चालन कार्य विधिका सम्बन्धमा अभिमुखीकरण गर्ने ।<br>- विपद् सम्बन्धी नियमित क्षेत्रगत कृत्रिम घटना अभ्यास गर्ने ।<br>-प्राथमिक उपचार सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>-विपद प्रभावित क्षेत्रमा किशोरी किट तथा डिगनिटी किटको प्रवन्ध मिलाउने । | | | |
| स्वास्थ्य तथा पोषण | - विषयगत क्षेत्र पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने । | सामाजिक विकास मन्त्रालय | UNICEF, साझेदार संस्थाहरू र निजी क्षेत्र | |
| | - स्वास्थ्य क्षेत्रको द्रुत प्रतिकार्य टोली परिचालनका लागि सक्रिय गर्ने तथा आकस्मिक मेडिकल परिचालन टिम सक्रिय गरी तयारी अवस्थामा राख्ने ।<br>-स्थानीय तह र जिल्लाहरूमा स्वास्थ्य द्रुत प्रतिकार्य टोली परिचालन गर्न तयारी अवस्थामा राख्ने । | स्वास्थ्य निर्देशनालय | * | |
| | - बाढी पश्चात हुन सक्ने पानीजन्य, किटजन्य, सरसफाईजन्य रोगहरू तथा सर्पदंशजस्ता समस्याहरू आंकलन गरी हरेक स्वास्थ्य संस्थामा आवश्यक औषधीको भण्डारण गर्ने ।<br>- अस्थायी शिविरमा रहँदा आवश्यक पर्ने पानी शुद्धिकरणको लागि क्लोरिन, किटजन्य रोगको रोकथामको लागि झुलको व्यवस्थापन गरी बाढीको जोखिममा रहेका स्थानीय तहमा भण्डारणको व्यवस्था गर्ने ।<br>- उच्च जोखिमयुक्त स्थानको पहिचान गरी बालबालिका, सुत्केरी र गर्भवति महिलाको बिवरण अद्यावधिक गर्ने तथा उक्त वर्गको लागि पूरक खानेकुराको प्रवन्ध गर्ने । | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र | * | |
| | - आपतकालीन स्वास्थ्य तथा पोषण सम्बन्धी तालिम प्राप्त स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाको तथ्याङ्क अद्यावधिक गरी क्षमता विकास गराउने ।<br>- अत्यावश्यक स्वास्थ्य तथा पोषण सामाग्रीहरूको उचित प्रवन्ध मिलाउने ।<br>- पोषणगृह तथा वहिरङ्ग उपचारात्मक केन्द्रको व्यवस्थापन तथा सेवा सुनिश्चित गर्ने ।<br>- मनसुनलाई ध्यानमा राखी स्वास्थ्य सुरक्षा, पोषण, व्यक्तिगत | सामाजिक विकास मन्त्रालय | WHO, UNICEF, UNFPA तथा अन्य सहयोगी निकायहरु | |

| विषयगत क्षेत्र | कृयाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | सरसफाई सम्बन्धी सन्देशहरु आमसंचार माध्यमबाट प्रशारण गरी सचेतना फैलाउने ।<br>- कर्मचारीलाई विपद् सम्बन्धी विशिष्टीकृत कार्यसञ्चालन कार्य विधिका सम्बन्धमा अभिमुखीकरण गर्ने ।<br>- विपद् सम्बन्धी नियमित क्षेत्रगत कृत्रिम घटना अभ्यास गर्ने ।<br>-प्राथमिक उपचार सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>-विपद प्रभावित क्षेत्रमा किशोरी किट तथा डिगनिटी किटको प्रवन्ध मिलाउने । | | | |
| संरक्षण तथा सामाजिक सुरक्षा | - पूर्वतयारीका लागि संरक्षण विषयगत क्षेत्रको जोखिम तथा सङ्कटासन्नता विश्लेषण गर्ने ।<br>-संरक्षणको सवाल सम्वोधन गर्न संरक्षण विषयगत क्षेत्रमा आवद्ध संस्थाहरूको क्षमता पहिचान गर्ने ।<br>- मानसिक स्वास्थ्य, मनोसामाजिक विमर्श, लैङ्गितामा आधारित हिंसा, घरेलु हिंसा, यौन हिंसा हानिकारक अभ्यास सम्बन्धी सन्देश तयार गरी प्रशारण गर्ने ।<br>- संरक्षण तथा सामाजिक सुरक्षासँग सम्बन्धित विषयगत क्षेत्रको बैठक नियमित रुपमा गर्ने ।<br>- संरक्षण तथा सामाजिक सुरक्षा सम्बन्धी सेवा प्रवाहको निरन्तरताका लागि आवश्यक समन्वय तथा सहकार्य गर्ने ।<br>- संरक्षण सम्बन्धी कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा महिला, किशोर किशोरी लगायत जोखिममा परेका समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने ।<br>- बालबालिका किट, किशोरी किट, डिगनीटी (मर्यादा) किट लगायत मानसिक स्वास्थ्य तथा मनोसामाजिक क्रियाकलापका लागि चाहिने सामग्रीको अग्रिम भण्डारण गर्ने ।<br>- प्रदेशमा रहेका मनोसामाजिक विमर्शकर्ताको सूची तयार गरी आवश्यकता अनुसार तालिम दिई परिचालन गर्न सहजीकरण एवं समन्वय गर्ने ।<br>- बाल कल्याण अधिकारी, बाल अधिकार समितिलाई घटना व्यवस्थापन तथा बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम दिने ।<br>- संरक्षण अनुगमन तथा घटना प्रतिवेदन प्रणाली लगायत सूचना व्यवस्थापन प्रणाली सम्बन्धी संरक्षण विषयगत क्षेत्रका सदस्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने । | सामाजिक विकास मन्त्रालय | UNFPA, UNICEF लगायत साझेदार निकायहरु | |

| विषयगत क्षेत्र | कृयाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | - सङ्कटासन्न समूहको लागि स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन स्वास्थ्य विषयगत क्षेत्रसँग समन्वय गर्ने ।<br>- जोखिममा रहेका एवं पीडितलाई सेवा प्रदान गर्न प्रदेशका सबै पालिकाको संरक्षण सेवा र सेवाप्रदायकको नक्शाकंन गर्ने। | | | |
| खानेपानी तथा सरसफाई | - खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्र (Wash Cluster) का सरोकारवालाहरूको बैठक बोलाइ क्षेत्रगत योजना तयार गर्ने।<br>- संभावित प्रकोपहरूको समयमा सुरक्षित खानेपानी र सरसफाई विषयमा जनचेतना जगाउने कार्यक्रममा विकास गर्ने ।<br>-विपद्को समयमा खानेपानीको सुनिश्चितताका लागि आवश्यक पर्ने सामानहरू उपलब्ध गराउन सक्ने व्यापारीहरूको पहिचान, सम्झौता तयारी तथा अति आवश्यक सामाग्रीको खरिद गरी उपयुक्त स्थानमा भण्डारण गर्ने व्यवस्था मिलाउने ।<br>- विपद्को समयमा खानेपानीको शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरिन पाउडर जस्तै पिउस, वाटरगार्ड, ब्लिचिङ्ग पाउडर जस्ता औषधीको भण्डारण गर्ने गराउने ।<br>-खानेपानी वितरण गर्ने साधनहरूको अवस्था एकिन गर्ने तथा मर्मत सम्भार गर्ने, गराउने ।<br>- आपतकालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने ।<br>- विपद् प्रभावितहरूको लागि अस्थाई आश्रय स्थलमा चर्पी र हात धुने स्थानको पहिचान गर्ने ।<br>- स्वयंसेवकको छनौट, क्षमता अभिवृद्धि तथा परिचालनका लागि रोस्टर बनाई अभिलेख राख्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, | UNICEF लगायत अन्य विकास साझेदारहरू | |
| शिविर समन्वय तथा शिविर व्यवस्थापन | - शिविर व्यवस्थापन समितिहरूलाई जनस्वास्थ्यका मापदण्ड सहित विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिने ।<br>- खुल्ला क्षेत्रको रुपमा घोषित वा पहिचान गरिएको स्थान तथा आश्रयस्थलमा शिविर सञ्चालन गर्नका निम्ति साइट प्लानहरू उपलब्ध गराउने वा स्वतःस्फुर्त साइटहरूको द्रुत गतिमा स्तरोन्नती तथा परिमार्जन गर्नका लागि साइट प्लानहरू उपलब्ध गराउने ।<br>- सेल्टर क्लस्टर र मन्त्रालयसँगको समन्वयमा बाढी पहिरोको जोखिम भएका विभिन्न जिल्ला तथा स्थानीय तहमा बनाइएका सामुदायिक भवन वा आश्रयस्थलको मापन गरी अद्यावधिक विवरण उपलब्ध गराउने ।<br>- पूर्वानुमानका आधारमा अस्थायी आश्रयस्थल तयारी गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय | जिल्ला, स्थानीय तह, IOM, Mercy Corps, Habitat Nepal, LWF, WVI, निजि क्षेत्रहरू | |

| विषयगत क्षेत्र | कृयाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| आपत्कालीन आश्रयस्थल | - अस्थायी आश्रयस्थलको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने ।<br>-आपत्कालीन अवस्था आइपरेमा तुरून्त खरिद गर्न सकिने गरी आपूर्तिकर्ता पहिचान र अनुबन्ध करार गर्ने ।<br>-अस्थायी आश्रयस्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको पहिचान गरी राख्ने ।<br>-गैरखाद्यसामग्री सेटहरू भण्डारण गर्ने र विकास साझेदारहरूसँग भएको विवरण अद्यावधिक गरी राख्ने ।<br>- विपद् प्रभावित स्थान वा शिविर खडा गर्नु पर्ने स्थानसम्म सरसामान तथा औजारहरू लैजान सवारी साधनको व्यवस्था गर्न ट्रक, ट्याक्टर, पिकअप भ्यान, बस तथा हवाई व्यवसायीसँग करार सम्झौता गर्ने ।<br>- अस्थायी आश्रयस्थल वा बासस्थान निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिवृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय | जिल्ला, स्थानीय तह, IOM, Mercy Corps, Habitat Nepal, LWF, WVI, निजि क्षेत्रहरू | |
| खाद्य सुरक्षा | - विपद्को सम्भावित घटनाको आकलन गरी पहिलो १५ दिनको लागि खाद्य सहायता तयारी अवस्थामा राख्ने तथा राख्न लगाउने<br>- विपद् सम्भावित क्षेत्रहरूमा विपद् सहने जात तथा खेती प्रणाली सिफारिस गर्ने ।<br>-अन्न, फलफूल, तरकारी तथा अन्य बालीनालीको बिउ भण्डारण गर्ने व्यवस्था मिलाउने ।<br>-किसानहरूलाई मनसुनजन्य प्रकोपको पूर्वसूचना दिने व्यवस्था मिलाउने तथा कृषि बुलेटिन जारी गर्ने ।<br>-प्रदेशस्तरमा खाद्य सुरक्षा विषयगत क्षेत्रको आपतकालीन योजना बनाउन सहजीकरण गर्ने ।<br>-तत्कालीन पुनर्स्थापनाको लागि आवश्यक अध्ययन, लेखाजोखा तथा विश्लेषण गरी बसोबास र जीविकोपार्जन जस्ता कार्यलाई अघि बढाउने वातावरण तयार गर्ने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | जिल्ला र स्थानीय तह, WFP, FAO, NARC | |
| | -पूर्वानुमानमा आधारित अग्रिम कार्य (Forecast Based Anticipatory Action) को लागि आवश्यक तयारी गर्ने ।<br>-सम्भावित जोखिमलाई ध्यानमा राखी राहत कामका लागि खाद्यान्न, आयमूलक योजनाको कार्य प्रक्रिया र क्षमता विकास गर्ने ।<br>-मनसुन पूर्वानुमानको आधारमा खेती प्रणालीलाई विकास र प्रसार गर्ने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | WFP तथा साझेदार निकायहरु | |

| विषयगत क्षेत्र | कृयाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | -कृषिमा हुन सक्ने क्षतिको आंकलनको आधारमा प्रतिकार्य कोषको व्यवस्थापन गर्ने ।<br>-मनसुनजन्य पूर्वसूचनाका आधारमा स्थान विशेष अनुसार कृषकहरूलाई अग्रिम कार्यहरू गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने ।<br>-कृषि तथा पशुपन्छी बिमाका लागि प्रोत्साहन गर्ने । | | | |
| शीघ्र पुनर्लाभ | | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | जिल्ला र स्थानीय तह | |
| | - विपद् पश्चात गर्नुपर्ने प्रारम्भिक द्रुत लेखाजोखा (IRA) का लागि फारामहरू अद्यावधिक गर्ने तथा स्वयंसेवकहरूलाई पुनर्ताजगी तालिम व्यवस्थापन गर्ने ।<br>-विपद्बाट प्रभावित हुन सक्ने अति विपन्न (संकटासन्न तथा उच्च जोखिमको क्षेत्रमा रहेका परिवार) हरूको वर्गीकृत तथ्यांक तयार गरी तत्काल पुनर्लाभ गर्नुपर्ने घरधुरी र जनसंख्याको प्रक्षेपण गरी जीविकोपार्जनमा सहयोग गर्ने।<br>-नगद सहायता कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने ।<br>-लेखाजोखा फारामबारे अभिमुखीकरण र पूर्वकार्य गतिविधिहरू सञ्चालन गर्ने । | जिल्ला, स्थानीय तह, नेपाल रेडक्रस तथा अन्य साझेदार निकाय | | |

### ४. मनसुन प्रतिकार्य कार्ययोजना

### (क) खोज तथा उद्धार, आपत्कालीन सञ्चार, बन्दोबस्ती र विषयगत क्षेत्र समन्वय

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधी |
|---|---|---|---|---|
| **खोज तथा उद्धार क्षेत्र** | | | | |
| १ | - प्रदेश भित्र रहेका जल तथा मौसम विज्ञान विभाग अर्न्तगतका कार्यालय, अन्य वर्षा र जलमापन केन्द्रहरूको सचेतना तह तथा खतराको तहको निरन्तर अनुगमन गर्न लगाउने, स्थानीय तह र जिल्लाको स्थितिको जानकारी लिने र विपद् सम्पर्क व्यक्ति र सुरक्षा निकायहरूलाई निरन्तर सूचना प्रवाह गर्ने । | प्रदेश आपत्कालिन कार्य संचालन केन्द्र | सरोकारवाला सबै जिल्ला, स्थानीय तह | निरन्तर |
| २ | - प्राप्त सूचनाको आधारमा प्रकोपको जोखिम विश्लेषण गरी स्थानीय र जिल्ला स्तरमा समन्वय गरी संयुक्त खोज तथा उद्धार टोली र प्राथमिक उपचार टोली परिचालनको तयारी गर्ने, गराउने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय, जिल्ला/ स्थानीय विपद् | ० देखि २ घण्टा |

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधी |
|---|---|---|---|---|
| | -आकस्मिक बैठकहरूको आयोजना गरी श्रोत व्यवस्थापन गर्ने । | | व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस | |
| ३ | - जिल्ला र स्थानीय तहमा रहेका खोज, उद्धार, प्राथमिक उपचार, प्रतिकार्यका लागि आवश्यक सामाग्रीहरूको विवरण एकिन गर्ने र अन्तर (Gap) पहिचान गर्ने ।<br>-थप जनशक्ति, उपकरणहरूको व्यवस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गर्ने ।<br>- खोज तथा उद्धार कार्यको प्रगति अद्यावधिक गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, PEOC, जिल्ला, स्थानीय तह | निरन्तर |
| ४ | - खोज तथा उद्धारलाई थप प्रभावकारी बनाउन ड्रोन प्रविधिको उपयोग गर्ने ।<br>- विपद् प्रभावित क्षेत्रको अवस्था आंकलन गर्न Satellite Image प्रभावकारी हुने भएकाले Real Time Image को लागि संयुक्त राष्ट्र संघीय प्रादेशिक एकाइसँग समन्वय गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जिल्ला, स्थानीय तह र संयुक्त राष्ट्र संघीय निकाय | निरन्तर |
| ५ | - प्रभावित तथा घाईतेहरूलाई तत्काल घटनास्थलमै उपचारको व्यवस्था मिलाउने, प्रकोपमा परेका तथा उच्च जोखिममा रहेका घाइतेको उद्धारको लागि आवश्यकताको आधारमा एम्बुलेन्स सेवा वा हेलिकप्टरको व्यवस्था तत्काल मिलाउन समन्वय गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह र रेडक्रस | ० देखि २ घण्टा |
| ६ | - जिल्ला तथा स्थानीय तहमा रहेका खोज उद्धार, प्राथमिक उपचार, प्रतिकार्यको समाग्रीहरूको विवरण तयार गरी अन्तर (Gap) पहिचान गर्ने परिस्थितिको मूल्यांकनको आधारमा आवश्यक जनशक्ति परिचालन तथा व्यवस्थापन गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विषयगत सदस्यहरू, जिल्ला प्रशासन कार्यालयहरू, स्थानीय सरकार | ० देखि १२ घण्टा |
| ७ | -विषयगत सहयोगी संस्थाहरूको बैठक बसी राहत सामग्रीको उचित भण्डारणका सम्बन्धमा अनुगमन गर्ने ।<br>-प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठक बोलाई आवश्यक निर्णयहरु गर्न पहल गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | भूमि व्यवस्था, सहकारी तथा कृषि मन्त्रालय, विश्व खाद्य कार्यक्रम, जिल्ला र स्थानीय तह, (Habitat Nepal) | निरन्तर, आवश्यकता अनुसार |
| **आपतकालीन सञ्चार** | | | | |
| ८ | -क्षतिको तथ्याङ्कको व्यवस्थापन गर्न आपतकालीन कार्यसञ्चालन केन्द्र मार्फत कार्य अगाडि बढाउने तथा | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | नेपाल टेलिकम, निजी सञ्चार सेवा | ० देखि २४ घण्टा |

| क.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधी |
|---|---|---|---|---|
| | सञ्चार सुविधा अवरुद्ध भएका स्थानमा यथाशीघ्र छिटो दूरसञ्चारको पुनर्स्थापना गरी सेवा सञ्चालन गर्न समन्वय गर्ने ।<br>-प्रकोपग्रस्त स्थानको लागि आवश्यक पर्ने लोककल्याणकारी सन्देश प्रवाह गर्ने । | | प्रदायक, जिल्ला, स्थानीय तह | |
| ९ | - विपद्को अवस्थामा अत्यावश्यक सेवाहरु (सडक, बिजुली, सञ्चार, खानेपानी, अस्पताल तथा अन्य सेवा सुचारु गर्न समन्वय गर्ने तथा सेवाप्रदायकहरुलाई निर्देशन दिने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जिल्ला, स्थानीय तह, सेवा प्रदायक निकाय तथा कार्यालयहरू | घटना हुने वित्तिकै, निरन्तर |
| १० | - जिल्ला तथा पालिकाहरुमा भएको द्रुत लेखाजोखा (Rapid Assessment) को तथ्याङ्कहरू माग गर्ने र घटनाको विवरण संकलन गर्ने ।<br>- विषयगत निकायहरुको बैठक बोलाइ पछिल्लो स्थितिको जानकारी गराउने तथा आवश्यक प्रतिकार्यका लागि तयार हुन निर्देशन दिने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विषयगत क्षेत्रका सदस्यहरू, जिल्ला प्रशासन कार्यालयहरू, पालिकाहरू र स्थानीय तह | घटनाको २ देखि ४ घण्टा |
| ११ | - क्षेत्रगत कार्य समूहका कार्य प्रगति विवरण संकलन र समीक्षा गर्ने ।<br>- सबै सूचनाहरू निरन्तर अद्यावधिक गर्दै जाने र सरोकारवाला निकाय एवम् सञ्चार माध्यमहरुलाई विपद्को क्षति, खोज, उद्धार तथा प्रतिकार्य सम्बन्धी जानकारी उपलव्ध गराउने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विषयगत क्षेत्रका सदस्यहरू, जिल्ला, आपत्कालिन कार्यसञ्चालन केन्द्र र स्थानीय तह | निरन्तर |
| **बन्दोबस्ती विषयगत क्षेत्र** | | | | |
| १२ | - विपद्का कारण मानविय क्षतिको विवरण राख्ने तथा लास व्यवस्थापन (Dead Body Management)को लागि तालिम प्राप्त जनशक्ति परिचालन गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जिल्ला र स्थानीय तह, सुरक्षा निकाय र नेपाल रेडक्रस सोसाईटी | २४ घण्टा पछी |
| १३ | - विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको प्रभावकारिताको समिक्षा तथा समय सापेक्ष परिमार्जन गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विषयगत क्षेत्रका सदस्यहरू, जिल्ला र स्थानीय तह | दोस्रो महिना |
| १४ | - घरवार विहीन तथा विस्थापितहरूलाई अत्यावश्यक गैरखाद्य सामाग्रीहरू (Non-Food Relief Item NFRI-Set) तत्काल व्यवस्थापन गरी हस्तान्तरण गर्ने व्यवस्था मिलाउने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जिल्ला र स्थानीय तह, नेपाल रेडक्रस सोसाईटी, IOM, Habitat Nepal, Mercy Corps | १ हप्ता भित्र |

(ख) विषयगत क्षेत्रः स्वास्थ्य तथा पोषण, शिक्षा, संरक्षण तथा सामाजिक सुरक्षा

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| **स्वास्थ्य तथा पोषण क्षेत्र** | | | | |
| १ | - द्रुत प्रतिकार्य टोली परिचालन गर्न समन्वय गर्ने,<br>-विपद् प्रभावित तथा विस्थापित समुदायका लागि आकस्मिक मेडिकल सहितको टोली परिचालन गर्ने र मोवाइल क्लिनिक सञ्चालन गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | जिल्ला, स्थानीय तह, स्वास्थ्य कार्यालयहरू, WHO, UNICEF, UNFPA | ० देखि ४ घण्टा |
| २ | -अत्यावश्यक स्वास्थ्य सेवाहरू जस्तैः सुरक्षित प्रसुति सेवा, गर्भवती जाँच, सुत्केरी जाँच, परिवार नियोजन सेवा, पोषण सेवा, खोप सेवा, कोल्डचेन व्यवस्थापन, यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्शलाई प्याकेजको रुपमा संचालन गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालयहरू, अस्पताल, स्थानीय तह, WHO, UNICEF, UNFPA | निरन्तर |
| ३ | - प्रभावित स्थानमा आधारभूत स्वास्थ्य तथा पोषण सेवा, घुम्ती स्वास्थ्य शिविरहरू मार्फत सुनिश्चित गर्ने । अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका जोखिममा रहेका समूहको विवरण तयार गरी सहायता समाग्री, स्वास्थ्य सहायता उपलब्ध गराउने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | जिल्ला, स्थानीय तह र WHO, UNICEF, UNFPA | निरन्तर |
| ४ | - किशोरी, गर्भवती तथा सुत्केरी महिला र ५ वर्ष मुनिका बालवालिकाहरूमा सूक्ष्मपोषण तत्वको कमी रोकथामका लागि भिटामिन वितरण, जुकाको औषधी वितरण, किशोरी गर्भवती तथा सुत्केरी महिलालाई आइरन चक्की वितरण गर्ने ।<br>- ६–२३ महिनाका बालबालिकाकालाई उचित स्तनपानको लागि सहयोग, संरक्षण र पर्बर्धन गर्ने ।<br>- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको अनाधिकृत बिक्री वितरण तथा प्रयोगमा रोक लगाउन नियमित अनुगमन तथा समन्वय गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | स्वास्थ्य कार्यालयहरू, स्थानीय तह, WHO, UNICEF | निरन्तर |
| ५ | - सबैलाई थप खाना वितरण कार्यक्रम (Blanket Supplementary Feeding Program-BSFP) लक्षित थप खाना वितरण कार्यक्रम (Targeted Supplementary Feeding Program-TSFP) मार्फत मध्यम तथा शीघ्र कुपोषणको उपचार तथा व्यवस्थापन गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालयहरू, WHO, UNICEF, UNFPA, स्थानीय तह | निरन्तर |

| क.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ६ | पाखुरा नाप्ने फित्ता (MUAC Tape) को मदतले ५ वर्ष मुनिका बालबालिका, गर्भवती र सुत्केरी महिलाहरुको द्रुत पोषण लेखाजोखा (Rapid Nutrition Assessment)गर्ने ।<br>- उपचारात्मक तयारी खाना कार्यक्रम (Therapeutic Feeding Program-TFP) मार्फत कडा तथा शीघ्र कुपोषणको उपचार तथा व्यवस्थापन गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालयहरू, WHO, UNICEF, UNFPA, स्थानीय तह | निरन्तर |
| ७ | - प्रभावित क्षेत्रमा वातावरणीय सरसफाइ, स्वास्थ्य सचेतना कार्यक्रम, सेनिटाइजरको प्रयोग, साबुनपानीले हातधुने कार्यक्रमहरू, नसर्ने तथा सरुवा रोगहरूको उपचार सुनिश्चत गर्ने । | स्वास्थ्य निर्देशनालय र स्वास्थ्य निर्देशनालय | स्वास्थ्य कार्यालयहरू, WHO, UNICEF, UNFPA, स्थानीय तह | निरन्तर |
| ८ | - अस्पतालमा रहेका एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र सुरक्षित गृह (Safe House) का लागि आवश्यक जनशक्ति, औजार तथा औषधीको व्यवस्था गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालयहरू, स्थानीय तह, WHO, UNICEF, UNFPA | निरन्तर |
| ९ | -विपद् प्रभावित समुदायहरूमा २ वर्ष मुनिका बालबालिकाको लागि स्तनपानलाई सहयोग गर्ने ।<br>- बालबालिकाहरूको पोषण सुधारका लागि पूरक खाना उपलब्ध गराउन सहयोग गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालयहरू, स्थानीय तह र WHO, UNICEF, UNFPA, WFP | निरन्तर |
| १० | -प्रजनन स्वास्थ्य किट, डायरिया किट, झुल, पानी शुद्धिकरण चक्की, खोप, आवश्यक औषधी र स्वास्थ्य सामग्रीहरूको आपूर्ति सुनिश्चित गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य कार्यालयहरू, स्थानीय तह र UNICEF, WHO, UNFPA | निरन्तर |
| ११ | - मृतक शरिरको पहिचान तथा परीक्षण गर्न सहयोग गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | नेपाल प्रहरी, जिल्ला अस्पताल, | ० देखी १२ घण्टा |

| क.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | | | जिल्ला, स्थानीय तह | |
| १२ | - स्वास्थ्य आपत्कालीन कार्य संचालन केन्द्र (Public Health Emergency Operation Center-PHEOC) को सूचनाका आधारमा सेवाहरू सुनिश्चित गर्ने । | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय | स्वास्थ्य कार्यालयहरू, सहयोगी निकाय, जिल्ला, स्थानीय तह | निरन्तर |
| **शिक्षा क्षेत्र** | | | | |
| १ | - शिक्षा क्षेत्रमा सम्बद्ध समूहका व्यक्ति र संस्थाहरूको कार्यक्रमहरू तथा क्षमता अद्यावधिक गरी आवश्यकता अनुसार प्रतिकार्यका लागि परिचालित हुने । | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | सामाजिक विकास कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई र UNICEF | निरन्तर |
| २ | -जिल्ला तथा स्थानीय तहका शिक्षा क्षेत्रका सरोकारवालाहरूसँग समन्वय गरी जोखिम न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यका लागि समन्वय गर्ने । | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | UNICEF/ जिल्ला क्षेत्रगत सदस्यहरू | निरन्तर |
| ३ | -आपत्कालिन अवस्थामा उपयोग हुने शैक्षिक सामाग्रीहरू (Student Kit, School Kit) को प्रवन्ध गरी शैक्षिक संस्थाहरुलाई उपलब्ध गराई पठनपाठन कार्यलाई सुचारु गर्ने । | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | UNFPA, UNICEF लगायत साझेदार निकाय, जिल्ला, स्थानीय तह | |
| ४ | -आपतकालिन अवस्थामा वितरण गरिने शैक्षिक सामाग्रीहरूको प्याकेजको निर्धारण गर्ने । | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | साझेदार निकायहरू | |
| ५ | - विद्यालय विपद जोखिम न्यूनिकरणा योजना अनुसार विपद् प्रभावित क्षेत्रका बिद्यालयहरुलाई आवश्यक सूचना गर्राई सहयोग लिने । | सामाजिक विकास मन्त्रालय | साझेदार निकायहरू | |
| ६ | - विपद्को वेलामा आश्रय स्थलको रुपमा प्रयोग हुन सक्ने विद्यालयहरूको व्यावस्थापन समिति तथा शिक्षकहरूको विपद् व्यवस्थापन क्षमता सुधारका लागि कार्यक्रम विकास गर्ने । | सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय | जिल्ला, स्थानीय तह, UNFPA, UNICEF साझेदार निकाय | |
| ७ | -अस्थायी सिकाइ केन्द्रका रुपमा पहिचान गरिएका-स्थानमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने । | शिक्षा विकास निर्देशनालय | UNFPA, UNICEF साझेदार निकाय | |

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| **संरक्षण तथा सामाजिक सुरक्षा** | | | | |
| १ | -विपद्का कारण जोखिममा रहेका महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा लैंगिक यैनिक तथा लैगिक, अल्पसंख्यकहरूका लागि आवश्यक संरक्षण र समाजिक सुरक्षा सेवा सुनिश्चितताका लागि समन्वय गर्ने । | सामाजिक विकास मन्त्रालय, महिला तथा बालबालिका शाखा | UNFPA, UNDP, UNICEF, WVI साझेदार संस्थाहरू | निरन्तर |
| २ | - महिलामैत्री, वालमैत्री तथा अपाङ्गतामैत्री समाग्रीहरूको भण्डारण सुनिश्चित गर्ने ।<br>- विपद् प्रभावित महिला, बालबालिका, जेष्ठ नागरिक र यैनिक तथा लैगिक अल्पसंख्यकको सुची तयार गर्ने । | जिल्ला, महिला तथा बालबालिका शाखा, स्थानीय तह, | UNFPA, UNDP, UNICEF, WVI साझेदार संस्थाहरू | |
| ३ | - लैंगिक हिंसा, महिला बेचविखन, वालश्रम विरुद्ध मनोसमाजिक परामर्श सेवा सुनिश्चित गर्ने । | जिल्ला, महिला तथा बालबालिका शाखा, स्थानीय तह | UNFPA, UNDP, UNICEF, WVI साझेदार संस्थाहरू, नेपाल प्रहरी | |
| ४ | -विपदबाट प्रभावित, परिवारबाट विछोडिएका, अभिभावक गुमाएका वालवालिकालाई तत्काल आवश्यक संरक्षण तथा सुरक्षा प्रदान गर्ने । | जिल्ला, महिला तथा बालबालिका शाखा, स्थानीय तह | UNFPA, UNDP, UNICEF, WVI, नेपाल प्रहरी | |
| ५ | -विपद्को समयमा हुने लैंगिक हिंसा न्यूनिकारण गर्न लैंगिक मैत्री स्थल निर्माण सुनिश्चित गर्ने साथै लैंगिक हिंसा रोकथामका कार्यक्रम उच्च प्राथमिकताका साथ लागु गर्ने । | जिल्ला, महिला तथा बालबालिका शाखा, स्थानीय तह | UNFPA, UNDP, UNICEF, WVI साझेदार संस्थाहरू, नेपाल प्रहरी | |
| ६ | - विपद्को समयमा हुने महिला हिंसा, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक तथा लैंगिक अल्पसंख्यकहरूमा हुने हिंसाजन्य दुर्व्यवहार, शोषण र विभेद जस्ता कार्यहरू निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम निर्माण र प्रशारण गर्ने ।<br>- हिंसा पीडितहरूको लागि मनोसामाजिक परामर्श सेवा सुनिश्चित गर्ने । | जिल्ला, महिला तथा बालबालिका शाखा, स्थानीय तह | UNFPA, UNDP, UNICEF, WVI, नेपाल प्रहरी | |
| ७ | - विस्थापित तथा शिविरहरूमा रहेका महिला तथा किशोरीहरूको लागि Dignity Kit/ Kishori Kit उपलब्ध गराउने र आवश्यक आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने । | सामाजिक विकास मन्त्रालय, | UNFPA, UNDP, UNICEF, WVI | |
| ८ | -जिल्ला र पालिकाहरूसँगको समन्वयमा संरक्षण र | सामाजिक विकास मन्त्रालय, | UNFPA, UNDP, | |

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | सामाजिक सुरक्षासँग सम्बन्धित सवालहरूको निराकरण गर्ने ।<br>-पीडित पक्षलाई न्यायको सुनिश्चितता प्रदान गर्ने भूमिका निर्भाह गर्ने । | | UNICEF, WVI, नेपाल प्रहरी | |
| ९ | -विपद्का कारण विस्थापित तथा अस्थायी वासस्थानमा रहेकाहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने ।<br>-चोरी डकैति तथा बलात्कारजस्ता सम्भावित अपराधहरूबाट सुरक्षा प्रदान गर्न समन्वय गर्ने । | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | UNFPA, UNDP, UNICEF, WVI, नेपाल प्रहरी | |

**(ग) खानेपानी सरसफाई, शिविर समन्वय र शिविर व्यवस्थापन, आपतकालिन आश्रयस्थल**

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | | | |
| १ | - खानेपानी तथा सरसफाइ क्षेत्रको बैठक वसी मनसुन पूर्वतयारी योजनाको आधारमा आवश्यक सामाग्रीहरूको आपूर्ति गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय | UNICEF लगायत अन्य विषयगत क्षेत्र सदस्य संस्थाहरू | विपद् पश्चात तत्काल |
| २ | - सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छताको सन्देश प्रवाह गराउने तथा विपद् पश्चात हुने पानीजन्य जोखिमको न्यूनीकरण तथा क्याम्प भित्रको पिउने पानी तथा सरसफाईको व्यवस्थापन गर्ने ।<br>-फोहरमैलाको उचित व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, | UNICEF, विषयगत क्षेत्र सदस्य संस्थाहरू, जिल्ला, स्थानीय तह | विपद् पश्चात तत्काल |
| ३ | - पहिचान भएका खुला क्षेत्रहरूमा खानेपानी तथा सरसफाईको व्यवस्थापन तथा अस्थायी वा स्थायी शौचालयको व्यवस्था गर्ने,<br>सुरक्षित खानेपानी वितरणका लागि पाइप फिटिङ तथा पानी ट्यांकीको व्यवस्थापन गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय ,खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, | जिल्ला, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, विषयगत क्षेत्र सदस्य संस्थाहरू, UNICEF | विपद् पश्चात तत्काल |
| ४ | -विपद् प्रभावितहरूका लागि पानीजन्य जोखिम न्युनिकरण गर्न ब्लिचिंग पाउडर, पिउस, क्लोरिन झोल, किट जस्ता ओषधिहरू बितरण गर्ने गराउने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, | विषयगत क्षेत्र सदस्य संस्थाहरू, UNICEF | विपद् पश्चिात तत्काल |
| ५ | - सरसफाई तथा स्वच्छताका प्रावधानहरूको आवश्यकता पहिचानका लागि सूचना संकलन गर्ने, प्रभावित क्षेत्रहरूमा रहेका प्रावधान र अन्तरहरू (Provision and Gaps) सम्बन्धी जानकारी संकलन गर्ने तथा सम्पूर्ण प्रक्रियाको अनुगमन गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक बिकास मन्त्रालय, खानेपानी तथा | जिल्ला, स्थानीय तह, विषयगत क्षेत्र सदस्य संस्थाहरू, UNICEF | निरन्तर |

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | | सरसफाई डिभिजन कार्यालय | | |
| ६ | - ढल निकास तथा फोहर व्यवस्थापनको मापदण्ड अनुसारको प्रवन्ध गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, | जिल्ला, स्थानीय तह, UNICEF, नेपाल रेडक्रस सोसाइटी, विषयगत क्षेत्र सदस्य संस्थाहरू, | निरन्तर |
| ७ | - मरेका पशुपन्छी तथा चौपायाहरूको व्यवस्थापनको कार्य गर्ने तथा सोका लागि समन्वय गर्ने । | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सुरक्षा निकाय तथा स्थानीय सरकार, जिल्ला, स्थानीय तह | विपद पश्चात निरन्तर |
| **शिविर समन्वय र शिविर व्यवस्थापन** | | | | |
| १ | - शिविर तथा आश्रयस्थलहरूमा निरन्तर स्वास्थ्य सेवा, मनोवैज्ञानिक परामर्श, सिफारिसको प्रभावकारी कार्य पद्धति (Referral Mechanism) स्थापना गराउने । | सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानिय र जिल्ला विपद् व्यवस्थापन समितिहरू, संरक्षण क्षेत्रका सदस्यहरू | निरन्तर |
| २ | - विभिन्न जिल्ला तथा स्थानीय तहमा बनाइएका सामुदायिक भवन वा आश्रयस्थल (अस्थायी बासस्थानहरु पहिचान गरी अद्यावधिक विवरण उपलब्ध गराउने ।<br>- सेल्टरहरूमा जनचेतनाका लागि एकीकृत प्रतिकार्य कार्यक्रमहरू सञ्चालन गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय आवास, भवन तथा शहरी विकास महाशाखा, | आवास तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन क्षेत्रका सदस्य संस्थाहरू | विपद् पश्चात तत्काल |
| ३ | - खुल्ला क्षेत्रको रुपमा घोषित वा पहिचान गरिएको स्थानहरूको अद्यावधिक बिवरण उपलब्ध गराउने । | आवास, भवन तथा शहरी विकास माहाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय | जिल्ला, स्थानीय तहहरू, शिविर समन्वय तथा शिविर व्यवस्थापन क्षेत्रका सदस्यहरू र IOM | मनसुन पूर्व |
| ४ | - आश्रयस्थल वा शिविरहरूमा तथा समुदायमा रहेका प्रभावित व्यक्तिहरूको संरक्षण, खानेपानी, सरसफाई तथा स्वच्छता, खाद्यान्न, पोषण, आश्रयस्थल, गैह्रखाद्य सामाग्री सम्बन्धी सूचना व्यवस्थापनको निम्ति Displacement Tracking Matrix-DTM सम्बन्धी प्रश्नावलीलाई अद्यावधिक गराउने र स्थानीय सरकार, प्रदेश सरकार वा संघिय सरकार वा अरु कलस्टरको अनुरोधमा आवश्यक परेको बेलामा कार्यान्वयन गराउने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, आवास, भवन तथा शहरी विकास महाशाखा, | जिल्ला, स्थानिय, विपद् व्यवस्थापन समितिहरू, IOM, शिविर समन्वय तथा शिविर व्यवस्थापन क्षेत्रका सदस्यहरू | आवश्यकता अनुसार |
| ५ | - खुल्ला क्षेत्रको रुपमा घोषित वा पहिचान गरिएका स्थानहरूमा तथा आश्रयस्थलमा शिविरको सञ्चालन गर्नका निम्ति सँाईट प्लानहरू उपलब्ध गराउने वा स्वतःस्फुर्त | आवास, भवन तथा शहरी विकास महाशाखा | IOM , शिविर समन्वय तथा शिविर व्यवस्थापन क्षेत्रका सदस्यहरू तथा | निरन्तर |

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | सांईटहरूको द्रुत गतिमा स्तरोन्नती तथा परिमार्जन गर्नका लागि सांईट प्लानहरू उपलब्ध गराउने र आवश्यक पूर्वाधार विकास गर्ने गराउने । | | सुरक्षा निकायका तालिम प्राप्त व्यक्तीहरू | |
| ६ | -शिविरहरू वा आश्रय स्थलहरू बन्द गर्ने (Decommission) निसंक्रमण (Disinfection), र शिविरहरू बन्द गर्दा यथा सक्दो साइटहरूलाई आफ्नो मौलिक प्रयोगमा फिर्ता लग्ने कार्य गर्ने । | जिल्ला र स्थानिय तह, आवास, भवन तथा शहरी विकास महाशाखा, | जिल्ला र स्थानिय विपद् व्यवस्थापन समितिहरू, IOM, शिविर समन्वय तथा शिविर व्यवस्थापन क्षेत्रका सदस्यहरू, | |
| आपतकालिन आश्रयस्थल | | | | |
| १ | -क्षेत्रगत सदस्यहरूसँग समन्वय बैठक बसी विपद् प्रभावितहरूको तथ्यांक संकलनका लागि प्रभाकारी तरिका अवलम्बन गरी कार्य प्रारम्भ गर्ने ।<br>-मोबाइल एप्स् प्रयोग गरी फिल्डको अवस्था पत्ता लगाउने । | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय सरकार, विषयगत संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी | ० देखि ४ घण्टा |
| २ | -प्रारम्भिक द्रुत लेखाजोखाका फारमहरू प्रयोग गरी विपदको प्रारम्भिक क्षतिको आंकलन गर्ने र सम्भावित प्रतिकार्यहरूको सुनिश्चितताका लागि जिल्ला तथा पालिकास्तरमा समन्वय गर्ने ।<br>-विषयगत सदस्यहरू तथा संचार माध्यमको सुचनाको आधारमा आपतकालिन आश्रयस्थल निर्माणको कार्यहरू प्रारम्भ गर्न तयारी गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, आवास, भवन तथा शहरी विकास महाशाखा, | स्थानीय सरकार, विषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैह सरकारी संस्था, सुरक्षा निकायहरू, संघीय आयोजना कार्यान्वयन ईकाइ र रेडक्रस | २४ घण्टा भित्र |
| ३ | -विस्थापितको संख्यावारे जानकारी लिने तथा पहिचान भएकालाई अस्थायी आवासमा बसोबास गराउन टोलि परिचालन गरी आश्रय स्थलनिर्माणको कार्य गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, आवास, भवन तथा शहरी विकास महाशाखा, | रेडक्रस, क्षेत्रगत सदस्य तथा सहयोगि निकायहरू, जिल्ला, स्थानीय तह | दोश्रो दिन |
| ४ | -अन्य विषयगत क्षेत्रहरू विशेषगरी खाद्य सुरक्षा, खानेपानी सरसफाई तथा स्वच्छता र सर्वेक्षण क्षेत्रसँग समन्वय र सहकार्य गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, आवास, भवन तथा शहरी विकास महाशाखा, | स्थानीय तह, विषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैह्र सरकारी संस्था | निरन्तर |
| ५ | -आवश्यकता अनुसार ओछ्याउने, ओढ्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन जस्ता गैह्रखाध सामग्री वितरण गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, आवास, भवन तथा शहरी विकास महाशाखा | नेपाल रेडक्रस सोसाइटी, स्थानीय सरकार, सहयोगि निकायहरू | |

| क.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ६ | - आवास तथा गैरखाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समिक्षा गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, आवास, भवन तथा शहरी विकास माहाशाखा, | स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, विषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैह सरकारी संस्थाहरू | दोश्रो महिना |

(घ) खाद्य सुरक्षा र पोषण

| क.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| खाद्य सुरक्षा | | | | |
| १ | - खाद्य संचय गर्न र द्रुत आपतकालीन खाद्य जोखिम लेखाजोखा गर्न विकास साझेदारीलाई निर्देशन गर्ने । | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जिल्ला र स्थानिय तह | जिल्ला, स्थानीय तह WFP/FAO/NGO Federation, | वार्षिक रुपमा |
| २ | - विपद घटनाको विवरण तयार गरी खाद्य सामाग्री ढुवानी, प्राप्ति र वितरणको काम सञ्चालन गर्न समन्वय गर्ने । | " | जिल्ला, स्थानीय तह WFP/FAO/NGO Federation | निरन्तर |
| ३ | - स्फेयर मापदण्ड अनुसार खाद्य सामाग्री वितरणको व्यवस्था गर्ने तथा सो कार्यहरूको अनुगमन गर्ने । | " | जिल्ला, स्थानीय तह WFP/FAO/NGO Federation | निरन्तर |
| ४ | - पशुपन्छीबाट मानिसमा सर्न सक्ने जुनोटिक रोगहरू तथा महामारीजन्य रोग नियन्त्रण, रोकथाम तथा अन्य नियन्त्रण कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>-वालीनाली तथा पशुपंक्षीका विभिन्न रोग तथा महामारी विरुद्धका कार्यक्रमहरू लागु गर्ने ।<br>- पशुपन्छीको लागि दानाको व्यवस्था गर्ने । | " | पशु अन्वेषण प्रयोगशाला | पहिलो हप्ता देखि निरन्तर |
| ५ | - मृत पशुपन्छीको व्यवस्थापनका लागि खानेपानी तथा सरसफाइ विषयगत क्षेत्रलाई सहयोग गर्ने । | " | पशु अन्वेषण प्रयोगशाला | पहिलो हप्ता |
| ६ | - अन्न र तरकारी वालीको विउको भण्डारणको व्यवस्था गर्ने<br>- महामारीजन्य रोग तथा महामारी विरुद्ध भ्याक्सिन लगाउने<br>कृषि तथा पशुपन्छीको बिमा कार्यलाई प्रोत्साहन गर्ने । | " | WFP/FAO, पशु अन्वेषण प्रयोगशाला, विमा कम्पनि, निजी क्षेत्र | पहिलो हप्ता |
| ७ | - प्रभावित तथा विस्थापितको व्यवस्थापन र पुनर्स्थापनाका प्रयासहरूको समग्र विश्लेषण सहित प्रतिवेदन तयार गर्ने र शिघ्र पुर्नलाभ क्लस्टरसंग समन्वय गर्ने । | " | खाद्य व्यवस्था तथा व्यापार कम्पनी तथा सबै साझेदार निकायहरु | पहिलो हप्ता |
| ८ | - विपद्को अवस्थामा उपभोग्य वस्तु तथा सेवाको सहज | " | साझेदार संस्थाहरू तथा | पहिलो |

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | आपूर्ति हुने गरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाउने । | | निजी क्षेत्र | हप्ता |
| ९ | -गर्भवती र सुत्केरीलाई पोषिलो पिठो वितरण तथा वालवालिकालाई दिवा खाजा कार्यक्रम सन्चालन गर्ने ।<br>-२३ महिनाका बालबालिकाको लागि पूरक खाना सहयोग, संरक्षण र प्रवर्धन गर्ने। | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय | WFP/FAO/UNDP/AIN/ NGO Federation स्थानीय तहहरू तथा निजी क्षेत्र | |
| **पोषण** | | | | |
| - उपचारात्मक पोषण विषयगत क्षेत्रको जिम्मेवारी खासगरी सामाजिक विकास मन्त्रालय अर्न्तगतको स्वास्थ निर्देशनालय रहेकोले उक्त निर्देशनालय स्वास्थ तथा पोषण क्षेत्रको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरिसकेको छ ।<br>- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले उपरोक्त कार्यको लागी आवश्यक समन्वय गर्ने र योजना अनुसार कार्य भएको एकिन गर्ने जिम्मेवारी रहेको छ ।<br>- प्रदेश स्तरका सरोकारवालाको बैठकवाट उपरोक्त जिम्मेवारी हेरफेर वा मिलान गर्न सकिने गरि छलफलको चरणमा रहेको छ ।<br>- उपचारात्मक स्वास्थ तथा पोषण क्षेत्रको योजना माथि उल्लेख गरिएको छ । | | | | |

**(ङ) शिघ्र पुर्नलाभ**

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| **शिघ्र पुर्नलाभ** | | | | |
| १ | - कृषि तथा पशुपालनसंग सम्बन्धित जिविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, साझेदार संस्थाहरू | १ महिनामा |
| २ | - जीवनयापन सहज बनाउन जिविकोपार्जनका श्रोत तथा सेवाहरूको प्राथमिकीकरण गर्ने । | " | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सझेदार संस्थाहरू | १ महिनामा |
| ३ | - पर्यापर्यटन सुधारका लागि नदी निकास, जमिन व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रम लागु गर्ने । | " | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सझेदार संस्थाहरू | १ महिनामा |
| ४ | -नगद प्रवाह, पशुपन्क्षी, विउ विजन आदी सहयोग समुदायमा हस्तान्तरण गर्ने ।<br>- विपद् उन्मुख सामाजिक सुरक्षा कार्यक्रमहरू निर्माण गर्ने तथा लागु गर्ने । | " | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, विश्व खाद्य कार्यक्रम, UNDP | १ महिनामा |

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | | | साझेदार संस्थाहरू | |
| ५ | - स्वरोजगार प्रवर्धन हुने कार्यक्रम लागु गर्ने ।<br>- रोजगार गुमाएकाहरूको पुनर्स्थापना कार्यक्रमहरू सञ्चालन गर्ने । | " | UNDP, साझेदार संस्थाहरू, पालिकाहरू | १ महिनामा |
| ६ | -महिला लक्षित आयमूलक योजनाहरू प्रारम्भ गर्ने र स्थानीय तहसँग समन्वय गर्ने । | " | UNDP, साझेदार संस्थाहरू | १ महिनामा |
| ७ | -विपद् प्रभावितहरू तथा विस्थापितहरूको स्थानान्तरण गर्नुपर्ने अवस्थामा सोको उचित व्यवस्थापन गर्ने । | " | UNDP, साझेदार संस्थाहरू, पालिकाहरू | १ महिनामा |
| ८ | - सार्वजनिक सेवा अवरूद्ध भएका भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि समन्वय गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | विषयगत कार्यालयहरू, UNDP, साझेदार संस्थाहरू, पालिकाहरू, स्थानीय तह, जिल्ला | २४ घण्टा भित्र |
| ९ | - अस्थायी आवास निर्माणका लागि बनपैदावार उपलब्ध गराउने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, जिल्ला, स्थानीय तह | जिल्ला, स्थानीय तह, | |

**(च) अनुगमन तथा निर्देशन**

| क्र.सं | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | - आवश्यकताको आकलन गर्ने र सामुदायिक, आर्थिक, सामाजिक पूर्वाधारहरूको पुर्नस्थापना गर्न बजेट व्यवस्था गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने ।<br>-विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मातकतका निकाय, सामाजिक सँघ-संस्था, निजी क्षेत्र, व्यवसायीका प्रतिष्ठानले तोके बमोजिमको कार्यर् गरेको नगरेको अनुगमन गर्ने ।<br>-प्रदेशमा विपद्को अवस्थाको जानकारी संघीय सरकारलाई गराउने तथा अपुग भएको श्रोत साधन माग गर्ने ।<br>-खानी तथा भूगर्भ बिभाग, वन तथा भू-सरक्षण विभागसँगको सहकार्यमा बाढी तथा पहिरोको जोखिम न्यूनिकारण कार्य गर्ने ।<br>- विपद् प्रतिकार्यमा आइपरेका समस्या तथा सिकाइहरूको बारेमा समिक्षा गर्ने ।<br>- मनसुन प्रणाली निस्कृय भएपछि यस वर्षा विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित भएगरेका कार्यहरूको समिक्षा गर्ने ।<br>- अनुकरणीय कार्य (Best Practicc) र आवश्यक पृष्ठपोषण दिने तथा आगामि दिनमा सुधार गर्नु पर्ने क्षेत्र पहिचान गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश विपद व्यवस्थापन परिषद, प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति | सरोकारवाला सबै प्रदेश मन्त्रालय, जिल्ला, स्थानीय तह, निजी क्षेत्र |

**मनसुन प्रतिकार्य कमाण्ड पोष्ट**

प्रदेशमा हुन सक्ने मनसुनजन्य विपद्को प्रतिकार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउनका लागि प्रदेश सरकारका प्रमुख सचिव ज्यूको संयोजकत्वमा देहाय बमोजिमको सुदूरपश्चिम प्रदेश मनसुन प्रतिकार्य कमान्ड पोष्ट सक्रिय हुनेछ :-

| | |
|---|---|
| (क) प्रमुख सचिव, सुदूरपश्चिम प्रदेश सरकार | - संयोजक |
| (ख) उपरथी, नेपाली सेना, सुदूरपश्चिम प्रदेश पृतना हेडक्वाटर तेघरी | - सदस्य |
| (ग) प्रदेश सचिव, सबै मन्त्रालय | - सदस्य |
| (घ) प्रहरी नायब महानिरिक्षक, नेपाल प्रहरी, सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय | - सदस्य |
| (ङ) सशस्त्र प्रहरी नायब महानिरिक्षक, सशस्त्र प्रहरी बल नेपाल, नं. ७ बैद्यनाथ बाहिनी | - सदस्य |
| (च) अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान बिभाग, सुदूरपश्चिम प्रदेश | - सदस्य |
| (छ) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | - सदस्य सचिव |

यस कमाण्ड पोष्टले प्रदेश सरकारले मनसुनजन्य विपद् प्रतिकार्यका लागि तत्काल गर्नु पर्ने कार्यको सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिनेछ । साथै मनसुनजन्य विपद् प्रतिकार्यको अनुगमन गरी विपद् व्यवस्थापनलाई थप सुदृढ बनाउने उपायहरूको सम्बन्धमा सुझाव दिनेछ ।